Intellectual Journal of Academic Research
Volume 02, Issue 01, 2024, 127–134
OPEN ACCESS

Research Article

# लिपिहरूको परिचय र विकासक्रमको अवस्था

हेमा जोशी
विद्यावारिधि अनुसन्धानरत, सुदूरपश्चिम विश्वविद्यालय, कञ्चनपुर, नेपाल

Intellectual Journal of Academic Research (ISSN: 3021-906X) Copyright © 2024 The Author(s): Published by Myanglung Campus Terhrathum, Nepal. Distributed under the terms of the Creative Commons Attribution 4.0 International License (CC BY-NC 4.0)

## Artical Info.

***Corresponding Author***
Hema Joshi
PhD Scholar, Sudurpaschhim University, Kanchanpur, Nepal

***E-mail***
joshihema262@gmail.com

***Date of Submission***
June 06, 2024

***Date of Acceptance***
July 22, 2024

## Abstract (सार)

प्रस्तुत आलेखमा लिपिहरूको परिचय र विकासक्रमको अवस्थाको बारेमा अध्ययन तथा विश्लेषण गरिएको छ। लिपि भनेको कुनै पनि भाषाको लेखन रूप हो । मानवभाषालाई अङ्कित गर्ने साधन विशेषलाई लिपि भनिन्छ । लिपिले मानव भाषालाई अङ्कित गर्ने कार्य गर्दछ। सामान्यतया शाब्दिक ध्वनिलाई दृश्य चिह्नमार्फत् अभिव्यक्ति गर्ने कलालाई लेखन भनिन्छ र लेखन लिपिविना सम्भव छैन। जुनसुकै क्षेत्रको प्रामाणिक इतिहास खोज्नका लागि लिपिको ज्ञान अनिवार्य सर्त हो। प्राचीन समयमा प्रचलित हुँदै सङ्केत वा भाषिक तत्त्वलाई देखाउन प्रयोग हुने सङ्केतात्मक अर्थ दिने लेखनको चिन्हलाई लिपि भनिन्थ्यो । लिपि एउटा समाजको ऐना भएकाले यो सबै ठाउँमा प्रचलित हुन्छ । विभिन्न विषय वस्तु, भाव र विचार जनाउन हामी जति ध्वनि निकाल्छौं ती प्रतीक वा चिह्न हुन् भने लिपिबद्ध पनि यस्तै मुखोच्चारित ध्वनिहरूका ठाउँमा आएका चिन्ह हुन्। प्रस्तुत लेख प्रचलित लिपिहरूको विकास कसरी भएको छ ? लिपिको विकासक्रममा के कस्ता लिपिहरू देखापरे ? भन्ने उद्देश्यले तयार पारिएको छ। आलेख तयार पार्ने सन्दर्भमा मूलतःपुस्तकालयको उपयोग गरी सङ्कलन गरिएका प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूबाट प्राप्त तथ्यलाई तर्क,प्रमाण र उदाहरणका आधारमा वर्णनात्मक विधिद्वारा विश्लेषण गरी निष्कर्ष निकालिएको छ । प्रचलित लिपिसँग सम्बन्धित चित्र लिपि, सूत्र लिपि, प्रतीकात्मक लिपि, भावमूलक लिपि, भाव ध्वनिमूलक लिपि, ध्वनिमूलक लिपिको बारेमा व्याख्या भएको पाइन्छ। प्राचीन समयमा प्रचलित हुँदै सङ्केत वा भाषिक तत्वलाई देखाउन प्रयोग हुने सङ्केतात्मक अर्थ दिने लेखनको चिन्हले महत्वपूर्ण भूमिका निर्वाह गरेको निष्कर्ष प्रस्तुत आलेखमा निकालिएको छ।

**शब्दकुञ्जी:** पौराणिक, चित्रात्मक, भावमूलक, ब्राह्मी, देव नागरी

**Cite:** Joshi, H. (2024). लिपिहरूको परिचय र विकासक्रमको अवस्था. *Intellectual Journal of Academic Research, (IJAR), 2*(1), 127–134.https://doi.org/10.3126/ijar.v2i1.72815

## विषय परिचय

लिपि भनेको वर्ण वा अक्षर लेखिने लेख्य चिह्नलाई लिपि भनिन्छ (प्रयोगात्मक नेपाली शब्दकोश,२०७४,पृ.१२५५) । अर्थात भाषाको उच्चरित रूपको निर्धारणलाई प्रतीक चिह्नको माध्यमबाट लिखित रूप दिने साधन नै लिपि हो । लिपि मनुष्यद्वारा आफ्नो भाव,विचार,अनुभव आदि सम्प्रेषित गर्ने दृश्य माध्यम हो। विश्वमा अनेक भाषा तथा तिनका लिपि चिह्न प्रचलित रहेका छन् । जस अन्तर्गत केही भाषा तथा तिनका लिपिहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ।

**तालिका १**

भाषा तथा तिनका लिपिहरू

| भाषा | लिपि |
|---|---|
| हिन्दी,संस्कृत,मराठी,नेपाली आदि | देव नागरी |
| उर्दू,अरबी | फारसी,अरबी |
| पन्जाबी | गुरूमुखी |
| अङ्ग्रेजी,फ्रेन्च,स्पेनिश,जर्मन | रोमन |
| रूसी, बुल्गेरियन | रूसी |

भाषाको उत्पत्ति जस्तै लिपिको उत्पत्ति पनि ईश्वर वा कुनै देवताद्वारा विकास भएको भन्ने पुरानो धारणा छ । भारतीय विद्वानहरू ब्राह्मी लिपिलाई ब्रह्माले बनाएको विश्वास गर्दछन्। त्यस्तै मिश्रहरू कर्तृता थाय या आइसिस, बेविलोनियाहरू नेबोलाई पुराना ज्यूहरू मोजेजलाई तथा युनानीहरू हर्मेस वा पैलमिडस, प्रामेध्युस, आफ्युस तथा लिनोज आदि अन्य पौराणिक व्यक्तिलाई मान्दछन् । लिपिका सम्बन्धमा फरक फरक मतहरू देखापर्दछन् । तथ्यचाहिँ मनुष्यले आफ्नो आवश्यकताअनुसार लिपिको प्रारम्भ गरेको हो । प्रारम्भमा मानिसले यस दिशामा जे गरे त्यो लिपि विकसित होओस् भन्ने दृष्टिकोण थिएन जादू टुनाका लागि खिचिएका केही रेखा, धार्मिक दृष्टिले कुनै देवताको प्रतीक, पहिचानका लागि आफ्नो घडा वा चीजमा कोरिएका चित्र वा सुन्दरताका लागि पहराको भित्ताका आसपासका जीवजन्तु वा वनस्पतिको टेढामेढा (बाङ्गाटिङ्गा) चित्र अथवा कनै कुराको स्मरण राख्न बनाइएका गाँठा आदि चित्रात्मक भावबाट कालान्तरमा विचार अभिव्यक्तिले विस्तार–विस्तारै लिपिको विकास भएको हो । चिह्न भन्नाले कुनै वस्तुलाई चिन्ने लक्षण वा विशेषतालाई बुझाउँदछ (प्रयोगात्मक नेपाली शब्दकोश, २०७४, पृ.४३९) । अर्थात चिह्न अन्तर्गत विभिन्न वस्तुमा बनाएका सङ्केत, रेखा र रङ अगि आउँछन् । तर ती सबैलाई लिपि भन्नु उपयुक्त देखिँदैन । लिपिले विशेष रूपमा कलम, कीलो वा यस्तै कुनै चीजले कागत, ढुङ्गा, काठ धातु आदि वस्तुमा कोरिएका कुनै समाजमा परम्परागत रूपमा प्रचलित भाषाका चिन्हहरूलाई लिइएको छ । लिपिको इतिहासमा यस्ता चिन्हहरूको प्रारम्भ चित्रहरूबाट भएको देखिन्छ (राजवंशी,२०५९,पृ.१४) । प्राचीनकालमा सुमेरूवासी, बेबिलोनियाली, असिरेली, कस्सितेली, हिट्टेली र मितानेलीहरूले प्रयोग गरेका लिपि वाणाकार देखिए तापनि ती लिपि चित्रहरूकै विकसित रूप हुन्, भन्ने लिपिशास्त्रीहरुको भनाइ छ । यस्ता वाणाकार लिपिको प्रयोग ई.पू ४००० तिर भएको मानिन्छ र चित्र लिपिबाट नै यस्ता वाणाकार लिपिको विकास भएको हुनाले वाणाकार अथवा क्युनिफर्म लिपिको समय अझै प्राचिनकालसम्म पुग्छ । यस्ता लिपिलाई वाणाकार भन्नुको तात्पर्य के हो भने सर्वप्रथम गिलो इँट र माटामा कीलाले कोरेर चिन्हहरू बनाइन्थ्यो र यस्ता चिन्ह वाणाकारमा हुन्थे । यस्ता प्रत्येक रेखा बनाउँदा गिलो इँटका एकातिर मोटा र अर्कोतिर पातला रेखाहरू रूपमा बस्न आउँथे (पौड्याल,२०६१, पृ.४२७)।

अर्को प्राचीन लिपि चिनियाँ लिपि हो। विद्वानहरूको विचारमा यसको प्रयोग ई.पू ३००० तिर भएको थियो । अरुमा झैँ यसमा पनि विभिन्न वस्तु, भाव र कार्यका लागि बेग्लाबेग्लै चिन्ह हुन्थे । यसरी विभिन्न किसिमका

चित्रलिपिहरूको प्रयोग प्राचिनकालमा भएको देखिन्छ। यी चित्रलिपिहरूमा चित्रद्वारा नै अर्थ स्पष्ट गरिने हुनाले यस्ता लिपि सबैले बुझ्न सक्ने खालका हुन्थे । किनभने टोपीका लागि टोपीको चित्र नै बनाइन्थ्यो । तर यस्ता चित्र भाषाद्वारा अभिव्यक्त सबै कुराका लागि बनाउँन सम्भव थिएन । चित्रलिपिका इतिहासमा यस्ता अभिव्यक्तिका लागि पनि चित्र बनाउने गरेको पाउँछौँ । चित्रलिपिमा वस्तु र भावका लागि अनेक किसिमका चित्र बनाइन्थ्यो । यस्ता चित्रमा पहिले पहिले निकै विविधता रहेपनि तर पछि विभिन्न चित्र रूढ हुँदै गए। यी चित्रहरूको व्यापक रूपमा प्रयोग गर्दै अनि छिटोछिटो लेख्दा यस्ता चित्रहरू क्रमशः साना र सरल हुँदै गए । मानिसले कम परिश्रम गरेर काम चलाउने हुँदा राम्रा राम्रा चित्र बनाएर आफ्नो भाव अभिव्यक्त गर्न फुर्सद भएन । चिनियाँ चित्रलिपि विकसित हुँदा सूर्यका लागि गोलाकार, मान्छेका लागि माथि सोभ्रो रेखा र तल त्यसबाट निस्केका दुई रेखा देखाउन थालियो। यस्तै किसिमले वाणाकार लिपि र मिश्रेली लिपि चित्राक्षर पनि भावात्मक भए। ई.पू २००० तिर चिनियाँ र मिश्रेली लिपिमा सङ्केतात्मकता देखिन थाल्यो (बन्धु,२०५०, पृ.१६७)।

मिश्रेली भावात्मक लिपिका अनेक शाखा छन् र यसैबाट सामेली अनि फेनेसियन हुँदै आएका लिपिहरूमा प्राचीन हिब्रू, ग्रीक र आरामाइक हुन्। युरोप र एसियाका विभिन्न लिपिहरूलाई पनि मिश्रेली लिपिका विभिन्न शाखासँग जोडिन्छ । भारतमा प्रचलित खरोष्ठी लिपि अरामाइकबाट विकसित मानिन्छ र बाह्मी लिपिलाई पनि कतिपय विद्वानहरूले अरामाइक, सामेली तथा फेनेसियनबाट विकसित मानेका छन्। मिश्रेली भावात्मक लिपि अक्षरात्मक लिपिका रूपमा विकसित भयो। उत्तरी सामेली जातिहरूले यसै आक्षरिक लिपिलाई स्वीकार गरेर विकास गरे । आक्षरिक लिपिको विकास लिपिको इतिहासमा महत्त्वपूर्ण घटना भयो किनभने यस्ता लिपिको सहायताले भाषालाई केही चिन्हहरूद्वारा स्पष्ट गर्न सजिलो भयो। चेरोकी भाषाका लागि सन् १८२१ मा पनि आक्षरिक लिपिको अविष्कार भएको थियो । लिपिको इतिहासमा अन्तिम चरण वार्णिक लिपिको विकास हो । फेनेसियन लिपिबाट नै वार्णिक लिपि 'ग्रीक लिपि' आयो । नेपाल लगायत विश्वका कतिपय देशमा पाषण युगका विभिन्न भित्तेचित्र गुफाहरूमा अङ्कित भएको पाइन्छ । धार्मिक प्रतीकका चित्र, जादू–टुनाका लागि बनाएका धर्स, पहिचानका लागि घडा आदिमा निर्मित चित्र आदि नै लिपिका आरम्भिक रूप हुन्। आजसम्म लिपिका सम्बन्धमा जुन प्राचीन सामग्री उपलब्ध छन् । त्यसका आधारमा ४,००० ई.पू. का मध्यसम्म लेखनको कुनै पनि व्यवस्थित पद्धतिको विकास भएको थिएन । यसै प्रकार प्राचीनतम अव्यवस्थित प्रयास १०,००० ई.पू. भन्दा पनि अगाडि भएको मान्न सकिन्छ। यसरी यी दुवै समयावधिका बिचमा अर्थात १०,००० ई.पू. र ४,००० ई.पू. का बिच लगभग ६,००० वर्षमा बिस्तार–बिस्तारै लिपिको पारम्भिक विकास भएको हो (बन्धु,२०५०,पृ.१६६)।

## समस्याकथन र उद्देश्य

प्रस्तुत लिपिहरूको परिचय र विकासक्रमको अवस्था शीर्षकमा प्राचीन समयदेखि हालसम्म रहेका लिपिहरूको अवस्था र त्यसको चिनारी दिने काम भएको छ । यस आलेखमा भाषाको लिखित चिह्न अवस्था देखाउने प्रयास एकातिर छ भने अर्कोतिर लिपिहरूको प्राचीन बनोट के कसरी भएको छ भन्ने विषयलाई केन्द्रित बनाइएको छ।

## सामग्री सङ्कलन र विश्लेषण

प्रस्तुत लेख तयार पार्नका लागि सङ्कलित तथा लिपि सम्बन्धी विषयलाई यथार्थ रुपमा प्रस्तुत गरिएको छ । सङ्कलनको क्रममा पुस्तकालय तथा प्राथमिक सिद्धान्त अपनाएर अनुसन्धान गरिएको छ । कतिपय ठाउँमा विषयविज्ञका अन्तर्वार्ता, खोज तथा छलफलबाट समेत टिपोट गरिएको छ। निगमनात्मक तरिका अपनाई ऐतिहासिक र पौराणिक सिद्धान्तको आधारमा अध्ययन गरिएको छ।

### लिपिको विकासक्रम

लिपिको विकासक्रम निम्नप्रकार भएको देखिन्छ जसलाई निम्नअनुसार प्रस्तुत गरिएको छ।

१) चित्र लिपि
२) सूत्र लिपि
३) प्रतीकात्मक लिपि
४) भावमूलक लिपि
५) भाव ध्वनिमूलक लिपि
६) ध्वनिमूलक लिपि

### १) चित्रलिपि

चित्रलिपि भाषाको प्राचीन रूप हो। प्राचीन मानवले जुन वस्तुको वर्णन गर्दथे यसको चित्र बनाउँथे । त्यस समयमा स्त्री, पुरुष, आँखा आदि स–साना चित्र बनाइन्थ्यो। यसबाट सम्बद्ध व्यक्ति उक्त भाव सम्भन्थ्यो। यस्ता प्राचीन चित्र फ्रान्स, स्पेन, युनान, इटली, मिश्र आदि देशमा प्राप्त भएका छन्। यस्ता चित्र पत्थर, ही, हस्ति–दन्त, सीङ, छाला, माटोका भाँडा आदिमा हुन्थे। यसरी मानिसहरू आफ्नो भाव वा विचारलाई व्यक्त गर्नका लागि चित्रको आश्रय लिन्थे । उदाहरणार्थ 'पहाड' लाई लिपिबद्ध गर्नका लागि अग्लो होचो रेखाहरू खिच्दथे । नदीलाई बाङ्गो एवम् सूर्यलाई गोलाकार चित्र बनाउँथे। यस्तै गाई, घोडा, सर्प, पंक्षी, लाखो आदिको अभिव्यक्तिका लागि त्यस्तै चित्र बनाउँथे।

यद्यपि चित्र लिपि स्वतः परिपूर्ण हुन सक्दैनथ्यो । यसबाट स्थूल पर्वत, नदी, वृक्ष आदिको चित्र बन्न सक्थ्यो । परन्तु सूक्ष्म भाव तथा विचार जस्तैः दया, माया, करुणा, क्रोध आदि प्रकट गर्न असमर्थ हुन्थ्यो। यसमा जुन वस्तुको चित्र कोरिन्थ्यो, यसले उक्त वस्तुको बोध गराउँथ्यो । त्यसबाट सबैले उक्त वस्तुको पहिचान गर्दथे तर लिपिबद्ध वस्तुको नामले अन्य भाषाभाषीलाई उक्त वस्तुको पहिचान गर्न कठिन पदर्थ्यो।

### २) सूत्रलिपि

सूत्रलिपिको इतिहास प्राचीन कालदेखि अहिलेसम्म कुनै न कुनै रूपमा चल्दै आएको छ। स्मरणका लागि आज पनि प्रायः नारीहरू रुमाल, पटुकाको फेर वा साडीको छेउमा गाँठो पार्छन्। वर्षगाँठमा पनि यो परम्परा अक्षुण्ण रहेको छ । प्राचीन कालमा सूत्र, रस्सी, आदिमा गाँठो पारिन्थ्यो। कुनै पनि कुरालाई सूत्रमा राख्ने वा सूत्र याद गर्ने परम्पराको पनि सम्बन्ध यसले ज्ञात गराउँछ। सूत्रमा गाँठो पारेर भाव व्यक्त गर्ने परम्परा ज्यादै प्राचीन हो। यस आधारमा भाव अनेकौं प्रकारले व्यक्त गरिन्छ। रस्सीमा रङ्गबेरङ्गका सूत्र बाँध्नु, रस्सीमा विभिन्न रङ्ग दल्नु, रस्सी वा जनावरको छालामा मोती, मुगा आदि बाँध्नु, विभिन्न लम्बाइ, मोटाइका रस्सीको प्रयोग गर्नु आदि । यस प्रकारको लेखनको उल्लेख पाँचौं शताब्दीका हेरोडोटसले गरेका हुन्। यस प्रकारको सर्वश्रेष्ठ उदाहरण पिरुको 'क्वीपु' हो। क्वीपुमा भिन्न लम्बाइ, मोटाइ तथा रङ्गका सूत्र लट्काएर भाव प्रकट गरिन्थ्यो। कहीं–कहीं गाँठो पनि पारिन्थ्यो। पिरुका सैनिक अफिसरहरू यस लिपिको विशेष प्रयोग गर्दछन्। यस्तै चीन, तिब्बत तथा बङ्गाालको सन्ताथ तथा केही जापानी द्वीपमा सूत्र लिपिको प्रयोग गरिएको पाइन्छ।

### ३) प्रतीकात्मक लिपि

भावभिव्यक्तिको प्रतीकात्मक पद्धति शुद्ध अर्थमा यो लिपि होइन। कैयौं देशहरूमा प्राचीन कालमा यसको प्रयोग गरिएको पाइन्छ। तिब्बती चिनियाँ सीमामा कुखुराको चल्लाको कलेजा, त्यसको बोसोको तीन टुक्रा तथा एउटा खुर्सानी रातो कागजमा बेरेर पठाउनुको अर्थ युद्ध गर्न तयार होऊ भन्ने हुन्छ। यस्तै अनेक प्रकारका सङ्केतबाट पनि यसको अर्थ खुल्छ। विवाहमा जनै, सुपारी दिनु,गार्डले रातो वा हरियो भण्डा हल्लाउनु युद्धमा सेतो भण्डा देखाउनु प्रतीकात्मक सङ्केत हुन्।

### ४) भावमूलक लिपि

भावमूलक लिपि चित्रलिपिको विकसित रूप हो । चित्रलिपिमा चित्रले वस्तुलाई पनि व्यक्त गर्दथ्यो तर भाव लिपिले स्थूल वस्तुको अलिखित भावलाई पनि व्यक्त गर्दछ । उदाहरणार्थ चित्रलिपिमा सूर्यका अतिरिक्त सूर्यसँग सम्बद्ध अन्य भावको पनि भाव व्यक्त गरिन्छ। जस्तै– सूर्य देवता, गर्मी, दिन तथा प्रकाश आदि। यसप्रकार चित्रलिपिमा पयरको चित्रले पयरलाई व्यक्त गर्दछ तर भावमूलक लिपिमा त्यो हिँड्ने पनि भाव व्यक्त गरिन्छ। कहिलेकाहीँ चित्रलिपिका दुई चित्रलाई एउटैमा मिलाएर पनि भावमूलक लिपिमा भाव व्यक्त गरिन्छ। जस्तै दुःखका लागि आँखा र त्यसबाट बहदै गरेको आँसु वा सुन्नका लागि ढोकाको चित्र र कान आदिको चित्र बनाइन्छ। भावमूलक लिपिको उदाहरण उत्तरी अमेरिका, चीन तथा पश्चिमी अफ्रिका आदि देशमा पाइन्छ।

### ५) भाव ध्वनिमूलक लिपि

चित्रलिपिको विकसित रूप ध्वनिमूलक लिपि हो । मेसोपोटामियन, मिस्री हित्त आदि लिपिहरूलाई प्रायः विद्वानहरू भावमूलक भन्दछन्। यथार्थतः यो भाव लिपि हो। आधुनिक चिनियाँ लिपि पनि केही अंशमा यसै अन्तर्गत पर्दछ। यस लिपिको केही चिह्न चित्रात्मक तथा भावमूलक र केही ध्वनिमूलक छन्। तथा दुवैको यथा समय उपयोग हुन्छ। केही विद्वानहरू सिन्धुघाँटीको लिपिलाई पनि यसै श्रेणीको मान्दछन्।

### ६) ध्वनिमूलक लिपि

चित्रलिपि तथा भावमूलक लिपिमा चिह्नले कुनै वस्तु वा भावलाई प्रकट पर्दछ । त्यसमा त्यस वस्तुको वा भावको नामसँग कुनै सम्बन्ध हुँदैन । यसका विरुद्ध ध्वनिमूलक लिपिमा चिह्नले कुनै वस्तु वा भावलाई प्रकट नगरी ध्वनिलाई प्रकट गर्दछ। त्यसै आधारमा कुनै वस्तु वा भावको नाम लेखिन्छ। नागरी, अरबी तथा अङ्ग्रेजी आदि भाषाहरूको लिपि ध्वनिमूलक हुन्।

ध्वनिमूलक लिपिको आक्षरिक र वर्णिक गरी दुई भेद छन्।

### (क) आक्षरिक लिपि

आक्षरिक लिपिमा चिह्नले कुनै अक्षरलाई व्यक्त गराउँछ। उदाहरणार्थ नागरीक लिपि आक्षरिक हो। उसको 'क' चिह्नमा क्क+अ दुई वर्ण पाइन्छन्। यसका विरुद्ध रोमन लिपि वर्णिक हो। त्यसको ए मा क् छ। अक्षरात्मक लिपि सामान्यतया प्रयोगका दृष्टिले त ठीक छ तर भाषाविज्ञानमा जब हामी ध्वनिको विश्लेषण गर्न थाल्छौं त्यसको कमी भएको महसुस गर्दछौं। उदाहरणार्थ 'कक्ष' शब्दलाई लिउँ। नागरी लिपिमा यसमा कुन–कुन वर्ण छन् भन्ने पत्ता लाग्दैन तर रोमन लिपिमा यो कुरा बिल्कुल स्पष्ट हुन्छ । नागरी लिपिमा दुई ध्वनि र रोमन लिपिमा पाँच ध्वनि छन्। अरबी, फारसी, बङ्गला, गुजराती, उडिया आदि लिपि अक्षरात्मक हुन्।

### (ख) वर्णिक लिपि

लिपि विकासको प्रथम सिंढी चित्रलिपि एवं अन्तिम वर्णिक लिपि हो। वर्णिक लिपिमा ध्वनिको प्रत्येक एकाइका लागि अलग चिह्न हुन्छन् । त्यसकै आधारमा सरलताका साथ कुनै पनि भाषाको कुनै पनि शब्द लेख्न सकिन्छ । भाषाविज्ञानका दृष्टिले यो आदर्श लिपि हो । रोमन लिपि प्रायः यसै प्रकारको छ।

### संसारका प्रमुख लिपिहरू

संसारका प्रचलित मुख्य मुख्य लिपिहरू निम्नलिखित छन्:

१) क्युनिफर्म लिपि
२) हिरोग्लाइफिक लिपि
३) क्रीट लिपि
४) हिट्टी लिपि
५) चिनियाँ लिपि
६) रोमन वा ल्याटिन लिपि
७) खरोष्ठी लिपि
८) अरबी लिपि
९) ब्राह्मी लिपि
१०)देव नागरी लिपि

### १) क्युनिफर्म लिपि

क्युनिफर्मको अर्थ त्रिकोणात्मक वा वाणको मुख जस्तो भन्ने हुन्छ। यो लिपि त्रिकोणात्मक भएकाले यसको नाम क्युनिफर्म राखिएको हो । यस नामको सर्वप्रथम प्रयोग कसैको अनुसार थामस हाइड र कसैका अनुसार इ.क्याफरले गरेका हुन्। यसलाई त्रिकोणात्मक वा वाणमुख लिपि पनि भनिन्छ। चित्रात्मक अवस्थाबाट यस लिपिको विकास भावमूलक अवस्थामा भएको मानिन्छ। पहिले यो लिपि माथिबाट तल लेखिन्थ्यो भने पछि दाहिनेबाट देब्रेतिर र देब्रेबाट दाहिनेतिर पनि लेखिएको पाइन्छ । आरम्भमा यस लिपिमा धेरै चिह्नहरू थिए। पछि सुमेरीहरूले चिह्नको संख्या घटाएर ५७० गरिदिए,जसमध्ये ३० चाहिँ विशेष रूपमा प्रयोग भए यसको प्रयोग ई.पू ४००० देखि ई.पू १ सम्म भएको पाइन्छ (शर्मा र बराल२०५२, पृ.१३१)।

### २) हिरोग्लाइफिक लिपि

यस लिपिको हिरोग्लाइफिक नाम युनानीहरूले राखेका हुन् ,जसको अर्थ कपिएको पवित्र अक्षर भन्ने हुन्छ। पहिले मन्दिरका भित्तामा कपेर लेखिने गरिएकाले यसको नाम हिरोग्लाइफिक पवित्राक्षर राखिएको हो। पहिले यो लिपि लेखिने गरिएकाले यसको नाम हिरोग्लाइफिक पवित्राक्षर राखिएको हो । पहिले यो लिपि चित्रात्मक भएकाले यसलाई चित्र लिपि पनि भनिन्छ । यो लिपि ई.पू ४००० देखि नै प्रचलनमा आउन थालेको मानिन्छ (बन्धु२०५०,पृ.१६६)। सुरूमा चित्रात्मक रहेको यो लिपि पछि भावनात्मक र अक्षरात्मक बनेको पाइन्छ। यस लिपिमा केवल व्यञ्जनवर्णको मात्र प्रयोग हुने गरेको देखिन्छ। यसमा एउटै ध्वनिका लागि पनि धेरै चिह्न प्रयोग हुन्थे भने एउटै चिह्नको प्रयोग धेरै ध्वनिका लागि पनि गरिन्थ्यो। सामान्यत:यो लिपि दाहिनेबाट देब्रेतिर लेखिने गरिन्थ्यो । यसको प्रयोग ई.को छैठौं शताब्दीसम्म गरिएको पाइन्छ।

### ३) क्रीट लिपि

यस लिपिको उत्पत्ति क्रीटमा भएको मानिन्छ । क्रीटमा पहिले चित्रात्मक र पछि रेखात्मक दुई किसिमका लिपि प्रचलनमा रहेको देखिन्छन् । यहाँको लिपिमा हिरोग्लाइफिक लिपिको प्रभाव परेको स्वीकारिन्छ । चित्रात्मक लिपिमा लगभग १३५ चित्र भएको बताइन्छ भने पछि यी चित्रहरू भावनात्मक र ध्वन्यात्मक रूपमा विकसित भएको मानिन्छ । यसको प्राचीनतम प्रयोग ई.पू.३००० देखि ई.पू.१७०० सम्म भएको पाइन्छ भने ई.पू. १७०० पछि रेखात्मक लिपि प्रारम्भ हुन्छ। बायाँबाट दायाँतिर लेखिने यस लिपिमा लगभग ९० चिह्नहरू रहेको मानिन्छ। यस लिपिको प्रचलन ई.पू.१२०० सम्म रहेको पाइन्छ (शर्मा र बराल२०५२, पृ.१३२) ।

### ४) हिट्टी लिपि

यसको प्राचीनतम प्रयोग ई.पू. १५०० को भेटिन्छ । पहिले यो लिपि चित्रात्मक थियो भने पछि भावनात्मक र केही मात्रामा ध्वन्यात्मक बनेको विवरण पाइन्छ। यसमा ४१९ चिह्न थिए । यसको लेखन दाहिनेबाट देब्रेतिर र कहिलेकाहीँ देब्रेबाट दाहिनेतिर पनि गरिएको पाइएको छ । यसको विकास हिरोग्लाइफिक र क्रीटमध्ये कुनै एकबाट भएको हो  भन्ने कुरामा विवाद रहेको पाइन्छ । यसको प्रयोग ई.पू.६०० सम्म भएको देखिन्छ।

### ५) चिनियाँ लिपि

चिनियाँ लिपिको उत्पत्तिका बारे चीनमा अनेकौँ किंवदन्तीहरू प्रचलित छन्। यो  चित्रात्मक लिपि हो। यस लिपिमा अलग अलग शब्दका लागि अलग अलग चिह्न प्रयोग गरिन्छन्। चिनियाँ लिपिमा चित्रात्मक (आरम्भिक कालको),संयुक्त चित्रात्मक (दुई चित्र मिलाएर बनाइएको) भाव चिह्न (सूक्ष्म भाव व्यक्त गर्न बनाइएको चिह्न) तथा ध्वन्यार्थ संयुक्त चिह्न (धेरै अर्थ लाग्ने सक्ने एउटा चिह्नमा अर्को चिह्न थपी निश्चित अर्थ लाग्ने बनाइएको चिह्न) गरी लगभग ५००० चिह्नहरू छन्। धेरै चिह्न भएको र प्रत्येक चिह्नमा  पनि धेरै बाङ्गाटिङ्गा रेखा भएकाले यो लिपि निकै कठिन छ। यसैले गर्दा चिनियाँहरूले ५०० चिह्नलाई रेखाको संख्या घटाई सरल बनाएका छन् र यसको प्रयोग विशेष रूपले भएको पाइन्छ (पौड्याल,२०५२, पृ.४३१)।

### ६) रोमन वा ल्याटिन लिपि

यो लिपिको उत्पत्ति प्राचीन सामी लिपिको उत्तरी शाखाबाट भएको मानिन्छ। समयक्रममा सामी लिपिको उत्तरी शाखाबाट विकसित सार्मेली भेदबाट हिब्रू पहलवी तथा एसियाली लिपि विकसित हुन्छन्। एसियाली वर्गबाट युनानी लिपि जन्मन्छ भने यसबाट फेरि एट्रुस्कन लिपिको विकास हुन्छ। यहीँ एट्रुस्कन लिपिबाट ई.पू सातौँ शताब्दीमा रोमन वा ल्याटिन लिपिको विकास भएको मानिन्छ । एट्रुस्कनमा भएका २६ चिह्नमध्ये २१ चिह्न लिई पाँच चिह्न पनि थपेर यसलाई पूर्ण बनाइएको छ। यसरी यस लिपिमा जम्मा २६ चिह्नहरू छन् । यो लिपि देब्रेबाट दाहिनेतिर लेखिन्छ। यो वर्णात्मक लिपि हो।

### ७) खरोष्ठी लिपि

यस लिपिको नाम खरोष्ठी हुनामा विद्वानहरूमा विवाद रहेको पाइन्छ । यस लिपिको विकास आर्मेली लिपिबाट भएको मानिन्छ । पहिले यो लिपि दाहिनेबाट देब्रेतिर लेखिन्थ्यो तर पछि गएर देब्रेबाट दाहिनेतिर लेखिन थाल्यो (शर्मा र बराल२०५२, पृ.१३३) । यस लिपिमा मात्राको प्रयोग कम पाइन्छ।

### ८) अरबी लिपि

अरबी लिपिको जन्म प्राचीन कालमा प्रचलित सामी लिपिबाट भएको मानिन्छ । सामी लिपिबाट विकसित उत्तरी सामेली लिपिको आर्मेली शाखाबाट निस्केको सिनेटिक लिपिबाट पुरानो अरबी लिपि जन्मेको मानिन्छ । अरबी लिपिको प्राचीनतम अभिलेख ई.पू.५१२ को पाइएको छ। अरबी लिपिको विकास मक्का,मदीना,बसरा,कुफा तथा दमस्कस आदि ठाउँमा भएको मानिन्छ । यसको कुफी (मेसापोटामियाको कुफी नगरमा विकसित) र नस्खी (मक्का,मदीनामा विकसित) दुई भेद भेद छन् । सातौँ शताब्दीको अन्तिम चरणमा विकसित कुफी लिपि अभिलेखहरूमा बढी प्रयोग भएको पाइन्छ  भने नस्खी लिपि (पछि विकसित) को प्रयोग सामान्य कार्यमा धेरै गरिएको पाइन्छ । यस लिपिको प्रयोग इरान,अफगानस्तान,भारत आदि देशमा हुन्छ। यस लिपिमा ३७ चिह्नहरू छन् र यो दाहिनाबाट देब्रेतिर लेखिन्छ। यस लिपिमा व्यञ्जनवर्णहरू धेरै छन् ।

### ९) ब्राह्मी लिपि

ब्राह्मी लिपिको प्राचीनतम नमुना ई.पू.पाचौँ शताब्दीतिरको मानिन्छ। यो नमुना भारतको पिपरावाको स्तूपमा तथा अजमेर जिल्लाको बडली गाउँको शिलालेखमा

भेटिएको छ। ई.पू.३५० देखि ब्राहमी लिपि उत्तरी शैली र दक्षिणी शैलीमा विकसित हुन्छ। उत्तरी शैलीबाट गुप्त लिपि वा पूर्व लिच्छवि लिपि (चौथो तथा पाँचौं शताब्दी) तथा कुटिल वा उत्तर लिच्छवि लिपि (छैठौं तथा सातौँ शताब्दी) को विकास हुन्छ। कुटिल लिपिबाट प्राचीन नागरी तथा शारदा लिपिको विकास भएको देखिन्छ। कुटिल लिपिबाट ई.को नवौँ शताब्दीमा जन्मेको प्राचीन नागरी लिपिका पनि पूर्वी र पश्चिमी दुई भेद विकासित हुन्छन्। पूर्वी भेदबाट कैथी,मैथिली,बङ्गला आदि लिपि विकसित हुन्छन् भने पश्चिमी भेदबाट आधुनिक कालका नागरी वा देव नागरी लिपि तथा गुजराती,महाजनी,राजस्थानी र महाराष्ट्री लिपि विकसित हुन्छन् । (मिश्र,सन् २००३,पृ.२७) । कुटिल लिपिबाट दशौँ शताब्दीमा विकसित भएको शारदा लिपिबाट आधुनिक कालका शारदा,टाकरी,लन्डा,डोग्री,कोछी आदि लिपिहरू जन्मन्छन् । ब्राहमी लिपिको दक्षिणी शैलीबाट पश्चिमी (पाचौँदेखि नवौँ शताब्दी) मध्यदेशीय (पाचौँदेखि नवौँ शताब्दी) लिपि विकसित भए भने तेलुगु, कन्नड, मलयालम, तुलु, कलिङ्ग, तमिल दक्षिणी शैलीबाट विकसित लिपिहरू हुन् । ब्राहमी लिपिबाट भारतबाहिर विकसित भएका लिपिहरूमा तोखारेली,पुरानो खोटानी,सिद्ध मात्रिका, तिब्बती, सिहाली, इन्डोनेसियाली, मान,तलग, बर्मेली, कोरियाली, कम्बोडियाली आदि मुख्य छन्।

### १०) देव नागरी लिपि

नेपाली भाषा देव नागरी लिपिमा लेखिन्छ । नागरी शब्दको व्युत्पत्ति नगरमा प्रचलित भएको,नागर ब्राहमणहरूले प्रयोग गरेको,तान्त्रिक मन्त्र देवनगर का चिहनसित मिल्दो भएको तथा यसबाट विकसित भएको आदि अर्थमा गरिएको पाइन्छ। यस लिपिको विकास प्राचीन कालमा प्रयोग गरिने ब्राहमी लिपिबाट भएको हो। ब्राहमी लिपिको विकास पहिला नै भइसकेको भए तापनि यसको पहिलो नमुना ई.पू.पाँचौँ शताब्दीतिरको फेला पर्छ। यसको पहिलो नमुना भारतको बडली भन्ने ठाउँमा पाइएको छ भने दोस्रो नमुना नेपालको लुम्बिनी स्तूपभित्रको एउटा भाँडामा फेला परेको छ। यसको समय ई.पू.४८७ मानिन्छ। ३५० ई.पू.देखि ब्राहमी लिपि उत्तरी र दक्षिणी दुई शैली वा हाँगामा विभाजित भएर विकसित हुन्छ (राजवंशी,२०५९,पृ.१५) । चौथो शताब्दीमा कुटिल लिपिको विकास हुन्छ। नेपालको पुरातत्त्व विभागले गुप्त लिपिलाई पूर्व लिच्छवि लिपि र कुटिललाई उत्तर लिच्छवि नाम दिएको छ। यही कुटिल लिपिबाट आठौँ वा नवौँ शताब्दीतिर प्राचीन देव नागरी लिपि विकसित भएको पाइन्छ भने बाह्रौँ शताब्दीदेखि आधुनिक देव नागरी लिपिको विकास भएको पाइन्छ। आज पनि नेपाली भाषा यस देव नागरी लिपिमा लेखिन्छ र यसलाई नेपालमा नेपाली लिपि भनिन्छ।

## निष्कर्ष

लिपि मानव सभ्यताको विकाससँगै निरन्तर विकास र विस्तार हुने प्रक्रिया हो । लिपिसित मानव सभ्यता विकास हुन्छ भने मानव सभ्यतासित लिपिको पनि विकास हुन्छ । मान्छेको प्रारम्भका दिनहरूमा स्वाभाविकै आजको जत्ती लिपिहरू थिएनन् । केही सीमित सङ्याहरूबाट समयाअन्तरालमा निरन्तर ती धेरैमा विस्तार भए। तीमध्ये लोप पनि भए भने आजका आधुनिक भाषाका लिपिहरू जो छन् ती बाँचेका लिपिहरूबाट विकसित र विस्तारित हुँदै आएकाहरू हुन्। संसारका धेरै लुप्तप्रायःसभ्यताहरूका बारेमा आज हामी यसैकारणले यति धेरै कुराहरू जान्दछौँ की उनीहरूले आफ्नो बारेमा धेरैथोक लेखेर छोडि गए। लिपिहरूको विकास सम्बन्धमा थुप्रै मतहरू रहेका छन्। त्यस्ता मतहरू अनुसार लिपिहरूको विकास भारतमा बह्रमाद्वारा ,प्राचीन मिश्रमा थोतद्वारा, बेबीलोनमा नेबोद्वारा,यहुदीमा पैगम्बर मूसाद्वारा,इस्लाममा अल्लाहले अक्षर बनाएर आदमलाई सुम्पिएका हुन्। लिपिको निश्चित मौलिक रूपमा विभाजन र विस्तरण हुँदै गएपछि विभिन्न लिपिहरूका रूपमा ती विस्तारित हुँदै गए। नेपालको लिपि सम्बन्धी अध्ययनमा भारत वर्ष नै मुख्य स्रोतको रुपमा रहेको छ। सिन्धु सभ्यतादेखि मेसोपोटामिया हुँदै भारतीय उपमहाद्विपसम्म लिपिको प्रभाव पाइन्छ। पौराणिक ग्रन्थ महाभारत, वेद, पुराण र महाकाव्यमा पनि लेखन सम्बन्धी विषयवस्तु रहेका छन् । लिपिको प्राचीनता खासगरी ब्राहमी उत्तर लिच्छवी, पूर्व लिच्छवी, समेटिक लिपि र खरोष्टी लिपि भनेर पनि चर्चा गरिएको छ। जेहोस् लिपिको प्राचीनता ब्राहमी हुँदै पूर्व र उत्तर लिच्छवीबाट देवनागरी लिपिको विकास भएको पाइन्छ। धेरै जसो पूर्वीय विद्वानले यस कुरालाई स्वीकार गरेका छन् । पुरातत्वमा लिपि अध्ययनलाई महत्त्वपूर्ण मानिन्छ । पुरातत्व इतिहासको एक आधार हो। प्राचीनस्थलको उत्खननबाट प्राप्त लेखोट, अभिलेख, मुद्रालेख आदि इतिहासका क्षेत्रमा अमूल्य प्रमाण हुन्, जुन लिपिसँग सम्बन्धित छन्। यसर्थ साँचो इतिहासका लागि लिपि एक आधार हुन।

## सन्दर्भ सामग्री


आचार्य,वर्तराज (२०७२),पूर्वीय तथा पाश्चात्य भाषिक चिन्तन,काठमाण्डौंःरत्न पुस्तक भण्डार।

खत्री, प्रेम र दाहाल केशव (२०५०) ,नेपालको कला र पुरातत्व, काठमाडौं :एम.के. पब्लिसर्स र डिस्टिब्युटर्स।

घिमिरे, दिनेश र भण्डारी बालमुकुन्द (२०७७),प्राज्ञिक लेखनः प्रकृया र प्रयोग,काठमाडौं : इन्टेलेक्च्युअल्ज बुक प्यालेस।

ढकाल, शान्तिप्रसाद (२०६७, नेपाली भाषाशिक्षण परिचय र प्रयोग, काठमाडौं : शुभकामना प्रकाशन।

ढुङ्गेल,भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७३),भाषाविज्ञान र नेपाली भाषा,काठमाण्डौंः एम.के. पब्लिसर्स र डिस्टिब्युटर्स।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०७५),नेपाली बृहत् शब्दकोश (२०४० को दशौं संशोधन), काठमाण्डौंः स्वयम्।

पोखरेल, बालकृष्ण (२०२१), नेपाली भाषा र साहित्य,काठमाण्डौंःरत्न पुस्तक भण्डार।

पौड्याल, कृष्णविलास (२०६१), भाषाविज्ञान, काठमाण्डौंः दीक्षान्त पुस्तक भण्डार।

पौड्याल,कृष्णविलास (२०५८),भाषाविज्ञान र साहित्य सिद्धान्त,काठमाण्डौंःनवीन प्रकाशन।

बन्धु, चूडामणि (२०४८), भाषाविज्ञान, काठमाण्डौंः साझा प्रकाशन।

बन्धु,चूडामणि(२०५३),भाषाविज्ञानका सम्प्रदाय, काठमाण्डौंः एकता बुक्स डिस्टिव्युटर्स प्रा.लि।

रेग्मी,चूडामणि उपाध्याय (२०२५), नेपाली भाषाको उत्पत्ति, ललितपुरः जगदम्बा प्रकाशन।

श्रेष्ठ,दयारा (२०७७), साहित्यको अनुसन्धान व्यवस्थापन (असुसन्धान दर्शन), बागबजारः शिखा बुक्स।

शाक्य, हेमराज (२०३०), लिपि प्रकाशन, काठमाडौंःनेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

https://www.google.com.np/Ancient+Babylonian+Script.

https://www.thinkingwithtype.com/misc/Judy_Ross_Alphabe